# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ६ | संख्या – ७ | मितिः २०७९ मंसिर २५

## भाग - २

## स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ६ संख्या – ७ मितिः २०७९ मंसिर २५

## स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०८/२३

### प्रस्तावना

बेनीघाट रोराङ गाउँपालिकाको गाउँसभाले कृषि विकास शिर्षक अन्तर्गत राखेको बजेटलाई कृषि विकास शाखा मार्फत् सञ्चालन हुने कार्यक्रमहरूलाई सुव्यवस्थित, सहज र वैज्ञानिक रुपमा सञ्चालन गर्नका लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बेनीघाट रोराङ गाउँपालिका गाउँकार्यपालिकाको बैठकले स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र परिचय:**

यस कार्यविधिको नाम स्थानिय तहको कृषि विकास शाखा बाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ हुनेछ । कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनुपर्दछ ।

ख) "वडा" भन्नाले बेनीघाट रोराङ गा.पा. मातहतका १० वटै वडा सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ ।

घ। "समिति" भन्नाले प्रस्ताव मूल्याङ्कन समिति सम्झनु पर्दछ ।

ङ) "प्रथम पक्ष" भन्नाले बेनीघाट रोराङ गाउँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

च) "दोस्रो पक्ष" भन्नाले कृषक समूह / कृषि फर्म / कृषि सहकारी / कृषि कम्पनी / ईच्छुक कृषक आदि लाई सम्झनु पर्दछ ।

छ) "सूचना" भन्नाले गाउँपालिकाको कार्यलयबाट प्रकाशित सूचना सम्झनु पर्दछ ।

ज) "शाखा" भन्नाले गाउँपालिकाको कार्यालयको कृषि विकास शाखा सम्झनु पर्दछ ।

**३. कृषि शाखाबाट सँचालन हुने कार्यक्रमहरुको उद्धेश्यः**

क) गाउँपालिका भित्रको समग्र कृषि बाली वस्तुहरूको क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

ख) बेरोजगार युवाहरूलाइ कृषि व्यवसायमा आकर्षण गरी कृषिको व्यवसायिकरणमा सहयोग पुयाउने।

ग) ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गरी कृषकहरूको आयस्तरमा सुधार गर्ने।

घ) स्थानीय स्तरमा सम्भाव्य बालीहरूको व्यवसायिक उत्पादन, विविधिकरण र बजारीकरणमा सहयोग पुर्याउने।

ङ) एक गाउँ एक उत्पादन कार्यक्रमको निम्ति कृषक समुदायलाई पकेट क्षेत्रको आधारमा व्यवसायीकरण गराउने।

## परिच्छेद २
## समिति सम्बन्धि व्यवस्था

**४. कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि सुरुमा प्रस्ताबहरू छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मूल्यांकन समिति देहाय बमोजिम गठन हुनेछ ।**

| | |
|---|---|
| क) गा. पा. उपाध्यक्ष | संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्थरको कर्मचारी -१ जना | सदस्य |
| च) शाखा प्रमुखले तोकेको कृषि शाखाको कर्मचारी -१ जना | सदस्य |
| छ) कृषि विकास शाखाको प्रमुख | सदस्य सचिव |

<u>४.१ मूल्याङ्कन समितिले निर्णय गर्दा लिइने आधारहरू</u>

क) वडाको सिफारिस

ख) वडा कार्यसमितिको बैठकको निर्णय

ग) कृषि विकास शाखाका कर्मचारीहरूले गरेको स्थलगत निरिक्षण प्रतिवेदन (आवश्यक देखिएमा)

घ) लाभान्वित व्यक्ति वा फर्मको कार्य संचालन ढाँचा एवम प्रस्तावना सहितको निवेदन

ङ) गत आर्थिक वर्षमा सोही विषयमा सरकारी अनुदान प्राप्त नगरेको स्व-घोषणापत्र

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रकृया

### ५. कृषि क्षेत्र विकास कार्यक्रम प्लाष्टिक घर निर्माण अनुदान

५.१ प्लाष्टिक टनेल वितरण अथवा घर निर्माण गर्नका लागि कम्तिमा पनि १० दिने सूचना प्रकाशन गरी बेनीघाट रोराङ गाँउपालिका कृषि विकास शाखाबाट माग सङ्कलन गरिनेछ ।

५.२ प्लाटिक घर भित्र पहिलेबाट खेती गर्दै आएका कृषकहरूलाई प्राथमिकता दिइनेछ । साथै कृषकको अवस्था हेरी नयाँ ब्यबसाय सुरु गर्न चाहनेको हकमा वडाको सिफारिस, कार्ययोजना लगाएतका कागजात हेरी मुल्यांकन गरिनेछ ।

५.३ प्लाष्टिक घर निर्माण कार्यक्रममा छनौट भएका कृषकहरूले प्रथम पक्षले तोकेको मापदण्ड र समय सिमा भित्र कार्य सम्पन्न गर्नु पर्नेछ । (प्लाष्टिक घर निर्माण सम्बन्धि मापदण्ड अनुसूची १ मा दिईएको छ।)

५.४ जि. आइ पाईपबाट घर बनाउने कार्यक्रम रहदा व्यवसायिक कृषकहरूलाई प्लास्टिक घर निर्माणमा बिशेष प्राथमिकता दिईनेछ ।

५.५ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल / मुल्यांकन र निर्णय गरिसकेपछि कृषि विकास शाखाले सो अनुसार कार्यक्रम कार्यान्वयन गर्नेछ ।

५.६ प्लाष्टिक घर निमार्णका लागि प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गराई सो बमोजिम कार्य अगाडि बढाउन सक्नेछ ।

५.७ प्लाष्टिक टनेल अथवा घर निमार्णका लागि प्रथम पक्ष र दोस्रो पक्ष बीचको लागत साझेदारी ७० (पालिका) / ३० (कृषक) प्रतिशतको हुनेछ। प्लाष्टिक घर भित्र कुनै संरचना थप्ने वा जोड्ने कार्यक्रम रहेको खण्डमा सोहि लागत साझेदारी मान्य हुने छ ।

५.८ प्लास्टिक टनेल घर तयार भएको व्यहोरा खुल्ने कागजात वडा कार्यालयको सिफारिसका साथ प्राप्त भएमा प्लास्टिक टनेलमा सतप्रतिशत अनुदान दिनसकिनेछ ।

५.९ प्लाष्टिक घर निर्माण सम्बन्धि तालिम कृषि शाखाका प्राविधिकहरुले आवश्यकता अनुसार दिन सक्ने छन्।

### ६. कृषकसंग गाउँपालिका प्रमुख प्रोत्साहन कार्यक्रमः

६.१ प्रोत्साहन कार्यक्रमका लागि निश्चित मापदण्ड तोकी सो को लागि आवेदन खुलाइने छ ।

६.२ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल / मुल्यांकन एबम अनुगमन गरिसकेपछिको निर्णय अनुसार कृषि विकास शाखाले सो बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नेछ ।

६.३ कृषक प्रोत्साहनका लागि आवश्यकता हेरी नगद / उपहार अथवा कृषि सामग्री / प्रविधि हस्तान्तरण गर्न सकिने छ ।

६.४ शाखाबाट संचालनहुने कार्यक्रमहरुमा उत्कृष्ट किसानहरुलाइ सो आ. व. मा विशेष प्राथमिकतामा राख्न सकिनेछ ।

## ७. साना कृषि औजार तथा कृषि यान्त्रिकरण कार्यक्रम

७.१ कम्तीमा १५ दिने सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ ।
७.२ साना कृषि औजार उपकरणमा मुल्यको ८०% र ठुला औजार / कृषि यान्त्रिकरणमा ७५ % अनुदान उपलब्ध गराइनेछ ।
७.३ मेशीनरी औजार उपकरणमा व्यावसायिक समूह/ सहकारी/ फर्म/ कम्पनीका कृषकहरूलाई प्राथमिकता दिईनेछ ।
७.४ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल एवम मुल्यांकन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ ।
७.५ प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता बमोजिम कार्य गर्न सक्नेछ ।
७.६ मेसिन औजार उपकरण वितरण कार्यक्रम संगै कृषि शाखाका प्राविधिकहरुबाट तालिमको पनि व्यवस्था गर्न सकिने छ ।
७.७ प्लास्टिक पोखरीका लागि खाडल तयार भएको विवरण खुल्ने कागजात वडाबाट प्रमाणित भइ आएमा प्लास्टिकमा १०० % अनुदान दिइनेछ ।

## ८. मौरी घार / गोला वितरण

मौरी पालन भन्नाले मह / मौरीजन्य वस्तुहरू / मौरीपालन परिक्षण र मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरूको उत्पादन र बिक्री वितरण मह र मौरीजन्य वस्तुहरूको प्रशोधन गुणस्तर मापन प्रमाणीकरण र विदेश निकासी गर्ने सम्मका कार्यक्रम बुझाउँछ ।

८.१ कम्तीमा १० दिने सूचना प्रकाशन गरि निवेदन सङ्कलन गरिने छ।
८.२ बजार मूल्यको ८०% अनुदानमा मौरी घार वितरणमा उपलब्ध गराइने छ।
८.३ मौरी घार आवश्यकता हेरी गोला सहित अन्य औजार उपकरणहरू पनि ८०% अनुदान उपलब्ध गराईनेछ ।
८.४ व्यावसायिक कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ ।(व्यवसायिक कृषक भन्नाले कम्तिमा पनि १० घार मौरी पालन गर्ने कृषकलाई सम्झनु पर्दछ ।) साथै मौरी पालन ब्यबसायको सम्भाव्यता रहेका क्षेत्रभित्र पर्ने नयाँ ब्यबसाय सुरु गर्न चाहने कृषकको हकमा वडाको सिफारिस, कार्ययोजना लगाएतका कागजात हेरी मुल्यांकन गरिनेछ ।
८.५ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल एवम मुल्यांकन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

८.६ प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गरी कार्य गर्न सक्नेछ ।
८.७ मौरीघार वितरण संगै कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालिमको व्यवस्था गर्न सकिने छ ।
८.८ शसर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**९. बीउ विजन सम्बन्धमा**

९.१ बीउ वितरणका लागि कृषि विकास शाखाबाट १५ दिने सूचना आव्हान गरी कृषि फर्म / समूह / सहकारी / कम्पनी कृषकहरूबाट आवेदन सङ्कलन गरिनेछ ।
९.२ व्यवसायिक रुपमा खेती गर्ने कृषककहरूलाई विषेश प्राथमिकता दिई आवश्यकता हेरी ५० देखि ८० % अनुदानमा बीउ वितरण गरिनेछ । साथै कृषकको अवस्था हेरी नयाँ ब्यबसाय सुरु गर्न चाहनेको हकमा वडाको सिफारिस, कार्ययोजना लगाएतका कागजात हेरी मुल्यांकन गरिनेछ ।
९.३ फिल्ड अनुगमनको जिम्मा वडा कार्यालयको हुने छ ।
९.४ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल एवम मुल्यांकन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ ।
९.५ नेपाल सरकारले सुचिकृत गरेका जातका बीउविजन मात्र वितरण गर्न पाइने छ ।
९.६ कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालिमको व्यवस्था गर्न सकिने छ ।
९.७ शसर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**१०. साना पकेट विकास कार्यक्रम**

१०.१ लगभग ४० रोपनी देखि ८० रोपनी क्षेत्रफलमा कृषि गर्दै आएका फर्म/ समूह/ सहकारी/ कम्पनीहरूलाई एकिकृत गरी आवश्यकता अनुसार पकेट स्थापना गरिनेछ ।
१०.२ पकेट कार्यक्रम छनौटका लागि कम्तीमा पनि १५ दिने सूचना प्रकाशन गरिनेछ ।
१०.३ साना पकेट विकास कार्यक्रममा अनुदानको क्षेत्र हेरी ५० - ८०% सम्म कार्यालयले अनुदान उपलब्ध गराई बाँकी हुन आउने खर्च कृषि फर्म/ समूह/ सहकारी/ कम्पनीको साझेदारीमा हुनेछ।
१०.४ पकेट विकास कार्यक्रममा व्यावसायिक कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ ।
१०.५ प्राप्त निवेदनहरूलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल एवम मुल्यांकन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ ।
१०.६ प्रथम पक्षले दोस्रो पक्षसंग आवश्यकता अनुसार सम्झौता गर्न सक्नेछ ।

१०.७ कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालिमको व्यवस्था गर्न सकिने छ।

१०.८ शसर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम सञ्चालन गर्न सकिने छ।

## ११. विरुवा वितरण कार्यक्रम

११.१ विरुवा वितरणको लागि कम्तीमा पनि १५ दिने सूचना प्रकाशन गरि बेनीघाट रोराङ गाँउपालिकाको कृषि विकास शाखाबाट माग सङ्कलन गरिनेछ ।

११.२ बजार मूल्यको ५०% कार्यालय र ५० % कृषि फर्म/ समूह/ सहकारी/ कम्पनीको साझेदारीमा हुनेछ ।

११.३ विरुवा वितरण कार्यक्रममा व्यावसायिक फर्म/ समूह/ सहकारी कम्पनीका कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ ।

११.४ प्राप्त निवेदनहरूलाई आवश्यकता हेरी कृषि विकास शाखाले विरुवा वितरण गर्नेछ ।

## १२. कृषक पाठशाला सञ्चालन कार्यक्रम

१२.१ कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आ.ई.पि.एम. कृषक/सहजकर्ता सम्पर्कमा आई जनप्रतिनिधि, शाखा प्रमुख, कृषि प्राविधिक समेत स्थलमा गई गाँउपालिकाले निर्धारण गरेको क्षेत्रमा गठन भइसकेका वा नयाँ समूह गठन गरी २५ जनाको कृषक समूह छनौट गरी अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने ।

१२.२ तरकारी खेती तथा अन्नबालीमा पाठशाला सञ्चालन गर्दा कम्तिमा ५०० वर्ग मि. जग्गाको छनौट गर्ने वा ५ वटा प्लाष्टिक टनेल भित्र पाठशाला सञ्चालन गर्ने स्थानको निर्धारण गर्ने ।

१२.३ बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको १ दिन ५ घण्टा का दरले १६ हप्ता सम्म अध्ययन र तालिम सञ्चालन गर्ने ।

१२.४ कृषक पाठशाला सहजकर्तालाई कक्षा सञ्चालन गरे बापत भत्ता प्रतिदिन रु ८०० का दरले २ जनालाई र यातायात खर्च रु २०० का दरले २ जना लाई दिईने छ। २ वटा विषेश कक्षा संचालन गर्ने श्रोतव्यक्तिलाई भत्ता प्रति हप्ता प्रति दिन रु.१६०० का दरले २ हप्ता सम्मका लागि। विषेश कक्षा संचालन गर्ने श्रोतव्यक्तिलाई यातायात खर्च दिनको रु. २०० का दरले १ जनालाई २ दिनको दिन मिल्ने छ ।

१२.५ हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरूमा प्रविधि विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरू समेत राखि कृषक दिवस मनाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह कार्यक्रम सञ्चालन गर्ने ।

१२.६ पाठशाला सकियपछि उक्त पाठशालाको प्रतिवेदन तयार गरि कार्यालयमा बुझाउनका लागि कृषि विकास शाखाले रु. १००० पारिश्रमिक राख्न सक्ने छ ।

**१३. भकारो सुधार कार्यक्रमः**

१३.१ व्यवसायिक कृषिपालन गर्ने नमुना गाँउ टोल निर्माण गर्ने गरी सञ्चालन गरिने छ ।

१३.२ प्रति घरधुरी कम्तिमा ३ वटा कृषिपालन गरेको कृषक हुनुपर्नेछ ।

१३.३ भकारो सुधार गर्ने कृषकले दुई पक्षिय सम्झौता गरि कार्यक्रम सुचारू गर्न सक्ने छ ।

१३.४ कृषकले आफ्नो गोठबाट सहजै गहुँत सङ्कलन गर्ने र भकारोमा छानाको व्यवस्था गर्नुपर्ने छ ।

१३.५ कार्य सम्पादन पश्चात् प्राविधिक अथवा वडा कार्यालयको सिफारिस पत्र, भकारो सुधार गरिएको फोटो पेश गरेपछि भुक्तानी दिइनेछ ।

१३.६ कार्यक्रम लागतमा ६० प्रतिशत रकम कार्यालय र ४० प्रतिशत रकम कृषक स्वयमले लगानी गर्नुपर्ने छ ।

१३.७ शसर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**१४. साना सिंचाई कार्यक्रम**

१४.१ साना सिंचाई कार्यक्रम भन्नाले कम्तिमा ५० देखि २०० रोपनी सम्म सिंचित हुने गरि नेपाल सरकारको तर्फबाट बढीमा १,५०,००० (अक्षरुपि एक लाख पचास हजार) सम्मको अनुदान सहयोग र उपभोक्ताको समितिबाट लागत इस्टमेटको २० प्रतिशत लागत सहभागिता हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१४.२ साना सिंचाई अन्तर्गत पोलिथिन/ प्लास्टिक पाइप, ह्युम पाईप, थोपा सिंचाई सेट, स्प्रिङकल वितरण एबम कुलो, बाँध, प्लाष्टिक पोखरी र साना ट्यांकी निर्माण गर्न सकिने छ ।

१४.३ प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गर्न सक्नेछ ।

१४.४ कृषकहरुलाई सिचाई पानीको मुहानबाट खेतबारी सम्म पानी ल्याउनका लागि कृषकहरु छनोट गरि प्लास्टिक पाईप वितरणको कार्यक्रम समेत गर्ने सकिने छ। पाईपको परल मूल्यको २०% भने कृषक स्वयमले लागत साझेदारी गर्नु पर्नेछ ।

**१५. कृषक तालिम कार्यक्रम**

१५.१ एक दिने तालिमको हकमा

- ✓ रु. ७५० सम्मको ब्यानर
- ✓ रु. २५० सम्म सञ्चार खर्च
- ✓ सहभागी कृषकका लागि रु. १००/- का दरले स्टेशनरीमा खर्च गर्न पाउने ।
- ✓ सहभागी कृषकका लागि रु. २००/- का दरले चिया- खाजामा खर्च गर्न पाउने ।
- ✓ सहभागी कृषकका लागि आवश्यकता अनुसार रु. १५०/- देखि रु. २५०/- सम्मका दरले प्रशिक्षार्थी आतेजातेमा खर्च गर्न पाउने ।
- ✓ रु. १५००/- दरले प्रति कक्षाको लागि पारिश्रमिक लिन पाउने ।
- ✓ तालिम सम्पन्न भैसकेपछि बढीमा रु. १०००/- का दरले प्रतिवेदन तयारीमा खर्च गर्न सकिने ।

१५.२ दुई दिने तालिमको हकमाः

- ✓ रु. ७५० सम्मको एउटा ब्यानर
- ✓ रु. २५० सम्म सञ्चार खर्च
- ✓ सहभागी कृषकका लागि रु. १००/- का दरले स्टेशनरीमा खर्च गर्न पाउने ।
- ✓ सहभागी कृषकका लागि रु. २००/- का दरले प्रति दिनको चिया- खाजामा खर्च गर्न पाउने।
- ✓ सहभागी कृषकका लागि आवश्यकता अनुसार रु. २५०/- देखि रु. ३५०/- सम्मका दरले प्रशिक्षार्थी आतेजातेमा खर्च गर्न पाउने ।
- ✓ रु. १५००/- दरले प्रति कक्षाको लागि पारिश्रमिक लिन पाउने ।
- ✓ तालिम सम्पन्न भैसकेपछि बढीमा रु. १०००/- का दरले प्रतिवेदन तयारीमा खर्च गर्न सकिने ।

**१६. शाखाको वार्षिक संदेश / सूचना प्रकाशनः**

१६.१ शाखाले वर्ष भरि संचालन गर्ने कार्यक्रम, कृषकहरुलाई जनचेतना, सुचना लगायतको जानकारी दिन / गराउन आवश्यकता हेरी स्थानीय रेडियो, टि. भि., पत्रपत्रिका, अनलाइन आदि लाई बढीमा १००००० /- (एक लाख मात्र) सम्म खर्च गर्न सक्ने छ ।

**१७. आकस्मिक बाली संरक्षण कार्यक्रमः**

१७.१ आकस्मिक बाली संरक्षण गर्नु पर्ने अवस्थामा यस शीर्षकमा बजेट नभएको / अपुग भएको खण्डमा कृषि शाखाको अन्य शीर्षकमा विनियोजीत बजेटबाट रकमान्तर गर्न सकिने छ। रकमान्तरका लागि शाखाले गाउँ कार्यपालिकामा टिप्पणी पेश गर्न सक्ने छ ।

**१८. आकष्मिक कृषि विकास तथा विविध कार्यक्रमः**

१८.१ पालिकाको वार्षिक योजनामा समावेस नगरिएका कार्यक्रमको तर कार्यक्रम संचालन गर्न आवश्यक रहेका सन्दर्भमा आकष्मिक कृषि विकास तथा विविध कार्यक्रम संचालन गरिनेछ ।

१८.२ कार्यक्रम संचालनको आवश्यकता सहितको स्वीकृत टिप्पणी आदेश अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**परिच्छेद ५ः**

यो कार्यविधिको कार्यान्वयनलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन पोलिकाले आवश्यकता अनुसार यस कार्यबिधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**कुनै संस्थाले पालिका भित्र कार्यक्रम गर्न चाहेमा पालिकाले संस्थाको उदेश्य र प्रकृति हेरी सहकार्य गरि कार्यक्रम बनाउन सक्ने छ। साथै पालिका भित्र संचालनमा रहेका कृषि क्षेत्र हेर्ने संघ/संस्थाले शाखालाई त्रैमासिक रुपमा कार्यक्रम प्रगति प्रतिवेदन बुझाउनु पर्ने छ।**


अनुसूची १ः

**आवश्यक सरसामग्रीः**


| क्र. सं. | सामानको नाम | इकाई | संख्या |
|---|---|---|---|
| १. | बाँस संख्या (२० - २२ फीट) | वटा | २८-३० |
| २. | बाइन्डीङ्ग तार | के. जी. | २-२.५ |
| ३. | ग्याबिन तार | के. जी. | २-३ |
| ४. | बाँधनको लागि प्लास्टिक डोरी | के. जी. | २ |
| ५. | थोपा सिंचाई (अनिवार्य नभएको) | सेट | १ |
| ६. | Insect नेट (अनिवार्य नभएको) | सेट | १ |
| ७. | प्लास्टिक टनेल | सेट | १ |
| ८. | ज्यामी | जना | १० (४ दक्ष, ६ अदक्ष) |

(नोटः स्टील, फलाम, जि. आई. पाईप (बाँस बाहेक) बाट निर्माण गर्दा अनिवार्य लागत इस्टिमेट स्वीकृत गर्नु पर्ने । )

**चित्र नं. १ : १० मिटर x ५ मि. को प्लाष्टिक घरको रेखांकन विधि (Layout)**



चित्र नं. २ : चौडाई भागबाट प्लाष्टिक घरको उचाई स्थिति




चित्र नं. ३ : १० मिटर x ५ मि. को प्लाष्टिक घरमा भाटा राख्ने तरिका

